# विशेष संसदीय छानबिन समिति, २०८० को प्रतिवेदन

**मधेश प्रदेश सभा**
**विशेष संसदीय छानबिन समिति, २०८०**
**जनकपुरधाम, धनुषा, नेपाल**

# विशेष संसदीय छानबिन समिति, २०८०

| | |
|---|---|
| माननीय श्री उपेन्द्र महतो | - सभापति |
| माननीय श्री दिपेन्द्र कुमार ठाकुर | - सदस्य |
| माननीय श्री नागेन्द्र प्रसाद साह | - सदस्य |
| माननीय श्री राजकुमार गुप्ता | - सदस्य |
| माननीय श्री शम्भु कुमार साह | - सदस्य |
| माननीय श्री जवाहर प्रसाद कुशवाहा | - सदस्य |
| माननीय श्री कनिस पटेल | - सदस्य |
| माननीय श्री कंचन बिच्छा | - सदस्य |
| माननीय श्री बिमला अन्सारी तरन्नुम | - सदस्य |
| माननीय श्री उर्मिला देव सिंह | - सदस्य |
| श्री  अरूण कुमार झा | - सदस्य सचिव |

# विषयसूची

## परिच्छेद - एक

## परिचय

१.१ पृष्ठभूमि ........ १
१. २ विशेष संसदीय छानबिन समिति, २०८० को परिचय ........ २


## परिच्छेद - दुई
## अध्ययन र विश्लेषण

२.१ सशर्त अनुदान ........ ६
२.१.१ सशर्त अनुदान सम्बन्धी कार्यविधि र समितिले गरेको योजनाको छनौट सम्बन्धमा ...... ६
२.१.२ स्थानीय तहहरुमा पठाइएका अनुदान सम्बन्धी विवरण ........ ६
२.१.३ सबभन्दा कम सशर्त अनुदान प्राप्त गर्ने स्थानीय तहहरु ........ ७
२.१.४ महानगरपालिका र उपमहानगरपालिकाले प्राप्त गरेका सर्शत अनुदान सम्बन्धी तुलनात्मक अध्ययन ........ ८
२.१.५ सबभन्दा धैरै सशर्त अनुदान प्राप्त गर्ने नगरपालिका र गाउँपालिका ........ ९
२.१.६ मधेश प्रदेशको अर्थ मन्त्रालयबाट सशर्त अनुदानका सम्बन्धमा प्राप्त जवाफ ........ १०
२.१.७ सशर्त अनुदान सम्बन्धी कार्यविधिको विपरित प्रदान गरिएको सशर्त अनुदान सम्बन्धमा ........ १०
२.१.८ स्थानीय तहमा पठाईएका सर्शत अनुदान सम्बन्धी निर्णय र मन्त्रालयगत सुचना प्रणालीको प्रविष्टिबीचको तुलनात्मक अध्ययन ........ १२
२.२ विशेष अनुदान सम्बन्धमा ........ १३
२.२.१ विशेष अनुदान वितरण तथा कानूनी व्यवस्था ........ १३
२.३ लेटर हेडको अनाधिकृत प्रयोगको सम्बन्धमा (उद्योग, पर्यटन तथा वन मन्त्रालय) ........ १४
२.४ रकमान्तर सम्बन्धमा ........ १६
२.५ प्रशासकीय कार्यविधि उल्लङ्घन सम्बन्धमा ........ १६


## परिच्छेद – तीन
## प्राप्ति, सुझाव र निर्देशन

प्राप्ति, सुझाव र निर्देशन ........ १७

परिच्छेद - एक

# परिचय

## १.१ पृष्ठभूमि

व्यवस्थापिका जनताका प्रतिनिधिहरूको सामुहिक सङ्गठन हो । जनतामा अन्तरनिहित सार्वभौमसत्तालाई विभिन्न प्रक्रिया र कार्यप्रणालीद्वारा प्रतिबिम्बित गर्ने तथा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा त्यसको अभ्यास गर्ने हुनाले राज्यका तीन प्रमुख अङ्गहरूमध्ये व्यवस्थापिकालाई सर्वाधिक महत्त्वपूर्ण अङ्गको रूपमा लिइन्छ । राज्यले अवलम्बन गर्ने शासकीय प्रणाली अनुरूप यसको स्वरूप एवं अवस्थितिको निर्धारण हुने गर्दछ । राज्य सञ्चालनको लागि सरकारको निर्माण, आवश्यक कानूनको निर्माण वा संशोधन, बजेट अनुमोदन, विधि निर्माणका लागि छलफल तथा बहस र सरकारको काम कारबाहीहरूको निगरानी, परीक्षण तथा आवश्यक निर्देशन एवम सुझाव दिने गर्ने कार्य व्यस्थापिकाको हो।

नेपालको संविधान जारी भएसँगै नेपालले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अबलम्बन गरेको छ।[१] नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले नेपालको संविधान र प्रचलित कानून बमोजिम हुने गरी व्यवस्था गरेको छ।[२] प्रादेशिक स्तरको शासन व्यवस्थाका लागि सातवटा प्रदेशको स्थापना गरिएको छ।[३] जसमध्ये मधेश प्रदेश नेपालको प्रादेशिक संरचनाभित्रको महत्त्वपूर्ण प्रदेशको रूपमा रहेको छ। प्रत्येक प्रदेशमा जनप्रतिनिधिहरूको लागि व्यवस्थापिकाको व्यवस्था गरेको छ।[४] प्रदेशको व्यवस्थापिका एकसदनात्मक हुनेछ जसलाई प्रदेश सभा भनिएको छ।[५] प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने प्रणाली बमोजिम निर्वाचित हुने सदस्य संख्याको दोब्बर संख्यालाई साठ्ठी प्रतिशत मानी बाँकी चालीस प्रतिशतमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य गरी

---

[१] नेपालको संविधानको प्रस्तावना र धारा ५६ उपधारा (१)

[२] नेपालको संविधानको धारा ५६ उपधारा (२)

[३] नेपालको संविधानको धारा ५६ उपधारा (३)

[४] नेपालको संविधानको भाग १४

[५] नेपालको संविधानको धारा १७५

मिश्रित निर्वाचन प्रणालीको आधारमा प्रदेश सभाको गठन[६] भए अनुसार मधेश प्रदेशमा पहिलो हुने निवाचित हुने ६४ जना र समानुपातिकबाट ४३ गरी कूल १०७ जना प्रदेश सभा सदस्यहरूको सहभागितामा मधेश प्रदेश सभाको गठन भएको छ । यसरी गठित मधेश प्रदेश सभाको पहिलो कार्यकाल पूरा गरी दोस्रो कार्यकालको दोस्रो प्रदेश सभाको गठन भई सभाको कामकारबाही संचालन हुँदै आएको छ ।

अध्ययन र अनुसन्धानमा आधारित काम गर्ने कार्य प्रदेश सभाले गठन गरेको समितिहरूको हो । समितिहरुको प्रभावकारिताले प्रदेश सभाको प्रभावकारिता अभिवृद्धि गर्ने भएकोले समितिलाई 'मिनी संसद' समेत भनिन्छ । प्रदेश सभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभाको नियमावली बमोजिम आवश्यकता अनुसार समिति वा विशेष समिति गठन हुने गरेको छ।[७] मधेश प्रदेश सभामा हाल सातवटा विषयगत समिति[८] र एउटा विशेष संसदीय छानबिन समिति, २०८०[९] ले भएको छ।

### १.२ विशेष संसदीय छानबिन समिति, २०८० को परिचय

मधेश प्रदेश सभाको पहिलो अधिवेशनको मिति २०८० साल असार महिनाको २६ गतेको ३१औं बैठकमा माननीय सदस्यहरूबाट मिति २०८० साल असार २३ गतेको सभाको २८औं बैठकमा मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०७९/०८० को कार्यक्रमको छानबिन हुनु पर्ने भन्ने विषयवस्तु उठेको सन्दर्भमा प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै दलहरूको सर्वसहमतिबाट मधेश प्रदेश सरकारको आ.व २०७९/०८० को कार्यक्रमको छानबिन गरी प्रदेश सभामा प्रतिवेदन पेश गर्नका लागि कार्यक्षेत्र, कार्यविधि सहित प्रदेश सभा कार्यसञ्चालन नियमावली, २०७५ को नियम १५२ बमोजिम माननीय श्री दिपेन्द्र कुमार ठाकुर, माननीय श्री नागेन्द्र प्रसाद साह, माननीय श्री राजकुमार गुप्ता, माननीय श्री शम्भु कुमार साह, माननीय श्री उपेन्द्र महतो, माननीय श्री जवाहरप्रसाद कुशवाह, माननीय श्री कनिस पटेल, माननीय श्री कंचन बिच्छा, माननीय श्री विमला अन्सारी तरन्नुम र माननीय श्री उर्मिला देव सिंह रहने गरी विशेष संसदीय छानबिन समिति, २०८० गठनको प्रस्ताव सर्वसहमतिबाट पारित भएको थियो ।

---

[६] नेपालको संविधानको धारा १७६

[७] नेपालको संविधानको धारा १९३ र प्रदेश सभा कार्यसञ्चालन नियमावली, २०७५ को नियम १४५

[८] प्रदेश सभा कार्यसञ्चालन नियमावली, २०७५ को नियम १४६

[९] प्रदेश सभा कार्यसञ्चालन नियमावली, २०७५ को नियम १५२

**समितिको कार्यक्षेत्र**

मधेश प्रदेश सरकारको आ व २०७९/०८० को कार्यक्रमको छानबिन गरी प्रदेश सभामा प्रतिवेदन पेश गर्ने ।

**समितिको कार्यावधि**

समितिको कार्यावधि २०८० साल श्रावण १ गतेदेखि लागू हुने गरी दुई महिनाको हुने प्रबन्ध भएकोमा विभिन्न कारणले निर्धारित अवधिमा कार्य सम्पन्न हुन नसकी समितिको अनुरोधमा प्रदेश सभाबाट अन्तिम पटक २०८० साल असार मसान्त सम्म म्याद थप गरिएको।

**समितिको कार्यविधि**

(क) सभामुखको निर्देशनमा समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ।

(ख) आफूहरूमध्येबाट एकजना सदस्यलाई समितिको सभापति चयन गर्नेछ।

(ग) समितिलाई आवश्यक परे मधेश प्रदेश सरकारका निकायहरूसँग आवश्यक कागजात माग गर्नेछ।

(घ) समितिलाई आवश्यक परे स्थलगत निरीक्षण, अवलोकन गर्न सक्नेछ।

(ङ) समितिलाई आवश्यक परे विज्ञहरूको राय सुझाव लिन सक्नेछ।

यसरी सर्वसहमतिमा स्वीकृत प्रस्तावबाट गठित विशेष संसदीय छानबिन समिति, २०८० को मिति २०८० साल श्रावण महिनाको ३ गते माननीय सभामुख श्री रामचन्द्र मंडलको विशेष उपस्थिति तथा समितिका ज्येष्ठ सदस्य माननीय श्री नागेन्द्र प्रसाद साहको अध्यक्षतामा समितिको पहिलो बैठक बसी माननीय श्री उपेन्द्र महतोलाई सर्वसहमतिले समितिको सभापति पदमा चयन गर्ने निर्णय भए पश्चात् उक्त विशेष संसदीय छानबिन समिति, २०८० को पदाधिकारीहरू देहाय बमोजिम रहेका छन्:-

| | |
|---|---|
| माननीय श्री उपेन्द्र महतो | - सभापति |
| माननीय श्री दिपेन्द्र कुमार ठाकुर | - सदस्य |

| | |
|---|---|
| माननीय श्री नागेन्द्र प्रसाद साह | - सदस्य |
| माननीय श्री राजकुमार गुप्ता | - सदस्य |
| माननीय श्री शम्भु कुमार साह | - सदस्य |
| माननीय श्री जवाहर प्रसाद कुशवाहा | - सदस्य |
| माननीय श्री कनिस पटेल | - सदस्य |
| माननीय श्री कंचन विच्छा | - सदस्य |
| माननीय श्री विमला अन्सारी तरन्नुम | - सदस्य |
| माननीय श्री उर्मिला देव सिंह | - सदस्य |

**अध्ययनको उद्देश्य**

- समितिले आर्थिक वर्ष २०७९/०८० को कार्यक्रमको छानबिन गरी मधेश प्रदेश सभामा प्रतिवेदन पेश गर्ने ।

**अध्ययनको कार्यक्षेत्र**

- यस समितिले आर्थिक वर्ष २०७९/०८० को कार्यक्रम अन्तर्गत मधेश प्रदेश सरकार अर्थ मन्त्रालयले मधेश प्रदेशका स्थानीय तहहरूलाई वितरण गरेको विभिन्न अनुदान सम्बन्धी विषयको छानबिन गरेको।
- आर्थिक वर्ष २०७९/०८० को कार्यक्रम अन्तर्गत मधेश प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायहरूमा गरिएको रकमान्तर सम्बन्धी विषयको छानबिन ।

**समितिको कार्यविधि निर्माण**

- समितिले उक्त कार्य सम्पादन गर्नका लागि आफ्नो बैठक सञ्चालन र अध्ययन विधि सम्बन्धी कार्यविधि बनाई कार्य अघि बढाएको छ।

अध्ययन विधि

- समितिले यस छानबिन कार्यका लागि आर्थिक वर्ष २०७९/०८० को सरकारका कार्यक्रम सम्बन्धमा मधेश प्रदेश सरकारका मन्त्रालय तथा निकायहरूले गरेको निर्णय एवं कागजातहरूको अध्ययन गर्नुका साथै सो निर्णयमा संलग्न पदाधिकारीहरू तथा कर्मचारीहरूसँग सोधपुछ समेत गरेको,

- प्रदेश लेखा नियन्त्रकको कार्यालय, मधेश प्रदेशबाट आर्थिक वर्ष २०७९/०८० को कार्यक्रम सम्बन्धी सम्पूर्ण आर्थिक विवरण माग गरी अध्ययन गरेको,

- मधेश प्रदेशको विभिन्न पालिकाहरूले मधेश प्रदेश सरकारबाट माग गरेको विभिन्न अनुदानमा आधारित कार्यक्रमहरू तथा मधेश प्रदेश सरकार, अर्थ मन्त्रालयहरूबाट वितरण भएको विभिन्न अनुदानका सम्बन्धी विवरणको समेत अध्ययन गरेको,

- महालेखापरीक्षकको कार्यालयको विभिन्न आर्थिक वर्षको वार्षिक प्रतिवेदन लगायत अन्य निकायहरूबाट प्रकाशित सान्दर्भिक प्रतिवेदनहरूको समेत अध्ययन गरेको,

- मधेश प्रदेश सरकारद्वारा प्रदान गरिने योजना/कार्यक्रम/अनुदान सम्बन्धी कार्यविधिहरूको अध्ययन गरेको,

- मधेश प्रदेश सरकारका मन्त्रालयका मन्त्रीहरूसँग सोधपुछ गरेको,

- प्रदेश सरकारको मन्त्रालयबाट माग गरेको जवाफसमेतलाई यस प्रतिवेदनमा उल्लेख गरेको ।

परिच्छेद - दुई

# अध्ययन र विश्लेषण

## २.१ सशर्त अनुदान

### २.१.१ सशर्त अनुदान सम्बन्धी कार्यविधि र समितिले गरेको योजनाको छनौट सम्बन्धमा

सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०७८ को दफा ५ को उपदफा (८) बमोजिम माननीय अर्थ मन्त्रीको संयोजकत्वमा गठित योजना छनौट समितिको मिति २०८०।०२।०३ गते बसेको बैठकले आ.व २०७९/०८० को लागि मधेश प्रदेश सरकारबाट स्थानीय तहमा पठाउने सशर्त अनुदान तर्फको योजना/कार्यक्रमहरू छनौट गरेको देखिन्छ।

### २.१.२ स्थानीय तहहरुमा पठाइएका अनुदान सम्बन्धी विवरण

मधेश प्रदेशमा १३६ वटा स्थानीय तहहरु रहेको छ।प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७४ को दफा ५, ६ र ७ मा प्रदेशले स्थानीय तहहरुको सन्तुलित एवम् समन्यायिक विकासका लागि सशर्त अनुदान समपुरक र विशेष अनुदान प्रदान गर्ने व्यववस्था गरेको छ।यस सम्बन्धमा मधेश प्रदेश सरकार अर्थ मन्त्रालयले आ.व.२०७९/८० मा १३६ स्थानीय तहहरुमध्ये १३० वटा स्थानीय तहलाई मात्र सशर्त अनुदान प्रदान गरेको देखिन्छ।यसरी आ.व.२०७९/८० मा मधेश प्रदेश सरकार अर्थ मन्त्रालयले सर्शत अनुदान नपठाइएका स्थानीय तहहरुको विवरण देहाय अनुसार पाइयोः

| क्र.सं | स्थानीय तह | जिल्ला | कैफियत |
|---|---|---|---|
| १. | बलान बिहुल गाउँपालिका | सप्तरी | माग नगरेको |
| २. | विदेह नगरपालिका | धनुषा | रु.२५/२५ लाखका ५ वटा योजनाहरु माग गरिएको तर कुनै पनि योजना स्वीकृत नगरेको। |
| ३. | फतुवा विजयपुर नगरपालिका | रौतहट | समितिले स्थानीय तहलाई विवरण माग गरेपनि विवरण उपलब्ध नगराएको |
| ४. | बौधिमाई नगरपालिका | रौतहट | नगरपालिकाले च.नं. ६३७ मिति २०७९/१२/१५ गते २ वटा योजनाहरु अर्थ मन्त्रालयसँग माग गरेको तर मन्त्रालयले स्वीकृत नगरेको |

| क्र.सं | स्थानीय तह | जिल्ला | कैफियत |
|---|---|---|---|
| ५. | फेटा गाँउपालिका | बारा | समितिले स्थानीय तहलाई विवरण माग गरेपनि विवरण उपलब्ध नगराएको |
| ६. | विश्रामपुर गाउँपालिका | बारा | रु.२५ लाखका दरले ६ वटा योजनाहरु माग गरिएको तर अर्थ मन्त्रालयबाट योजना स्विकृत नभएको |

(श्रोतः सम्बन्धित स्थानीय तहबाट यस समितिलाई उपलब्ध गराइएको विवरण अनुसार)

अर्थ मन्त्रालयले बलान बिहुल गाउँपालिका सप्तरी , विदेह नगरपालिका, धनुषा फतुवा विजयपुर र बौधिमाई नगरपालिका नगरपालिका, रौतहट तथा फेटा गाँउपालिका र विश्रामपुर गाउँपालिका बारा गरी जम्मा ६ वटा पालिकाहरुमा सशर्त अनुदान प्रदान गरिएको देखिदैन। जसमध्ये विदेह नगरपालिका धनुषा बोधिमाई नगरपालिका रौतहट र विश्रामपुर गाँउपालिका बाराले सशर्त अनुदान माग गरेपनि अर्थ मन्त्रालयले ति पालिकाहरुलाई अनुदान रकम उपलब्ध गराएको देखिदैन।

### २.१.३ सबभन्दा कम सशर्त अनुदान प्राप्त गर्ने स्थानीय तहहरु

| क्र.सं. | स्थानीय तह | जिल्ला | प्राप्त गरेको रकम | कैफियत |
|---|---|---|---|---|
| १. | बरियारपट्टी गाउँपालिका | सिराहा | २५००००० | |
| २. | पिपरा गाउँपालिका | महोतरी | २५००००० | |
| ३. | मौलापुर नगरपालिका | रौतहट | २५००००० | |
| ४. | वृन्दावन नगरपालिका | रौतहट | २५००००० | |
| ५. | जितपुरसिमरा उपमहानगरपालिका- | बारा | २५००००० | |

| | | | | |
|---|---|---|---|---|
| ६. | कोल्हवी नगरपालिका | बारा | २५००००० | |
| ७. | प्रसौनी गाउँपालिका | बारा | २५००००० | |
| ८. | पटेर्वा सुगौली गाउँपालिका | पर्सा | २५००००० | |
| ९. | बिन्दबासिनी गाउँपालिका | पर्सा | २५००००० | |
| १०. | ठोरी गाउँपालिका (सुवर्णपुर) | पर्सा | २५००००० | |

अर्थ मन्त्रालय र प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार बरियारपट्टी गाउँपालिका, पिपरा गाउँपालिका, मौलापुर नगरपालिका, वृन्दावन नगरपालिका, जितपुर-सिमरा उपमहानगरपालिका, लकोल्हवी नगरपालिका, प्रसौनी गाउँपालिका, पटेर्वा सुगौली गाउँपालिका, बिन्दबासिनी गाउँपालिका र ठोरी (सुवर्णपुर) गाउँपालिकालाई २५/२५ लाख मात्र सशर्त अनुदान दिएको देखिन्छ।

### २.१.४ महानगरपालिका र उपमहानगरपालिकाले प्राप्त गरेका सर्शत अनुदान सम्बन्धी तुलनात्मक अध्ययन

आर्थिक वर्ष २०७९/०८० मा मधेश प्रदेश सरकार अर्थ मन्त्रालयबाट मधेश प्रदेशका महानगरपालिका र उपमहानगरपालिकाहरूलाई वितरण गरिएको सर्शत अनुदानहरूको बजेट रकमका आधारमा सर्शत अनुदान प्राप्त गर्ने महानगरपालिका र उपमहानगरपालिकाहरू देहाय बमोजिम रहेको पाइयोः

| स्थानीय तह | प्राप्त गरेको रकम रू. |
|---|---|
| वीरगञ्ज महानगरपालिका | ३१७५००००० |
| जनकपुर उपमहानगरपालिका | १७५०००००० |
| कलैया उपमहानगरपालिका | २०००००००० |
| जितपुर-सिमरा उपमहानगरपालिका | २५००००० |

मधेश प्रदेशमा एक महानगरपालिका र ३ वटा उप महानगरपालिकाहरु रहेका छन्।माथि उल्लेखित तालिकामा वीरगन्ज महानगरपालिकालाई रू ३१ करोड ७५लाख सर्शत अनुदान दिएको देखिन्छ । विरगंज महानगरपालिकालाई ३ करोड ७५ लाख अर्थ मन्त्रालयले २०८०/०२/०३ गते बसेको योजना छनौट समितिको निर्णयबाट पठाएको देखिन्छ भने बाँकी विरगंज प्राधिकरण र हरित शहर स्वच्छ शहरका निम्ति आर्थिक वर्ष २०७९/८० को वार्षिक कार्यक्रममा विनियोजन भएअनुसार पठाएको देखिन्छ। जनकपुर उपमहानगरपालिकालाई रू १७ करोड ५० लाख सशर्त अनुदान पठाएको देखिन्छ।जनकपुर उपमहानगरपालिकालाई रु.१ करोड ५० लाख अर्थ मन्त्रालयले २०८०/०२/०३ गते बसेको योजना छनौट समितिको निर्णयबाट पठाएको देखिन्छ भने बाँकी जनकपुर प्राधिकरण निम्ति आर्थिक वर्ष २०७९/८० को वार्षिक कार्यक्रममा विनियोजन भएअनुसार पठाएको देखिन्छ। तर जितपुर-सिमरा उपमहानगरपालिकालाई रू २५ लाख मात्र सर्शत अनुदान दिएको देखिन्छ।

### २.१.५ सबभन्दा धैरै सशर्त अनुदान प्राप्त गर्ने नगरपालिका र गाउँपालिका

आर्थिक वर्ष २०७९/०८० मा मधेश प्रदेश सरकार अर्थ मन्त्रालयबाट मधेश प्रदेशका नगरपालिका र गाँउपालिकाहरूलाई वितरण गरिएको सर्शत अनुदानहरूको बजेट रकमका आधारमा सबै भन्दा बढि सर्शत अनुदान प्राप्त गर्ने नगरपालिका र गाउँपालिकाहरू देहाय बमोजिम रहेको पाइयोः

| क्र.सं. | जिल्ला | स्थानीय तह | प्राप्त गरेको रकम | कैफियत |
|---|---|---|---|---|
| १. | सर्लाही | चक्रघट्टा गाउँपालिका | ६८०००००० | |
| २. | सर्लाही | बागमती नगरपालिका | ६००००००० | |
| ३. | सर्लाही | कबिलासी नगरपालिका | ५८०००००० | |
| ४. | सप्तरी | राजविराज नगरपालिका | ५७५००००० | |
| ५. | सर्लाही | बरहथवा नगरपालिका | ५७५००००० | |
| ६. | सर्लाही | हरिवन नगरपालिका | ४५०००००० | |
| ७. | सर्लाही | बसबरीया गाउँपालिका | ३९०००००० | |

माथि उल्लेखित तालिका अनुसार सबै भन्दा बढी सर्शत अनुदान चक्रघट्टा गाउँपालिका सर्लाहीमा रू ६ करोड ८० लाख, बागमती नगरपालिका सर्लाहीमा रू ६ करोड, कबिलासी नगरपालिका सर्लाहीमा रू ५ करोड ८० लाख, राजविराज नगरपालिका सप्तरीमा रू ५ करोड ७५ लाख,

बरहथवा नगरपालिका सर्लाहीमा रू ५ करोड ७५ लाख, हरिवन नगरपालिका सर्लाहीमा रू ४ करोड ५० लाख र बसबरीया गाउँपालिका सर्लाहीमा रू ३ करोड ९० लाख वितरण गरेको देखिन्छ।

### २.१.६ मधेश प्रदेशको अर्थ मन्त्रालयबाट सशर्त अनुदानका सम्बन्धमा प्राप्त जवाफ

*यस सम्बन्धमा अर्थ मन्त्रालयको च. नं. २९१ मिति २०८०।१०।०३ को पत्रमार्फत प्राप्त जवाफ मा " प्रदेश वितीय हस्तान्तरण ऐन, २०७५ मा प्रदेश सरकारले स्थानीय तहलाई सर्शत अनुदान दिने व्यवस्था छ । उक्त कानूनी व्यवस्था बमोजिम सर्शत अनुदानको लागि बजेट विनियोजन भएको हो । उक्त बजेटको परिधि भित्र रही सर्शत अनुदान माग गर्न मन्त्रालयले मिति २०७९।१२।१० मा ७ दिने सूचना प्रकाशन गरेकोमा उक्त सूचनाको समयावधिभित्र विभिन्न १३० वटा स्थानीय तहहरुबाट सर्शत अनुदान माग गरिएको हो । सर्शत अनुदान सम्बन्धी कार्यविधिमा तोकिएको आधार र मापदण्ड समेतको आधारमा स्थानीय तहबाट भएको माग, आवश्यक्ता र औचित्यता तथा सन्तुलित विकासलाई समेत दृष्टिगत गरी प्रदेश सर्शत अनुदान सम्बन्धी कार्यविधि, २०७८ को दफा ५ को उपदफा (८) बमोजिम गठित समितिको सर्वसम्मत निर्णयले १३० वटा स्थानीय तहलाई सर्शत अनुदान वितरण गरिएको हो ।"*

### २.१.७ सशर्त अनुदान सम्बन्धी कार्यविधिको विपरित प्रदान गरिएको सशर्त अनुदान सम्बन्धमा

प्रदेश सशर्त अनुदान सम्बन्धि कार्यविधि, २०७८ को दफा ४ को उपदफा २ मा उपनमहानगरपालिका तथा महानगरपालिकाको लागि रु. ५० लाखभन्दा कमका योजना तथा कार्यक्रमहरुको लागि सशर्त अनुदान प्रदान गरिने छैन भनी प्रष्ट व्यवस्था भए तापनि अर्थ मन्त्रालयले ५० लाख भन्दा कमका योजना तथा कार्यक्रमका लागि देहाय अनुसारको उपमहानगरपालिका तथा महानगरपालिकालाई सर्शत अनुदान वितरण गरेको पाइयोः

| १. | विरगंज महानगरपालिका | रकम (रु.) |
|---|---|---|
| १.१ | विरगंज छपकैया जगरनाथ सोनारको घरदेखि अवुलेसको घरसम्म | २५०००० |
| १.२ | विरगंज १५ जगरनाथ सोनारको घरदेखि अबुलैस घरसम्म तथा छेउछाउका अधुरो सडक ढलान तथा नाला निर्माण | २५०००० |
| १.३ | विरगंज १६ नगवा गाउँको आन्तरिक सडक ढलान | २५००००० |

| | | |
|---|---|---|
| १.४ | विरगंज १६ धुसुकपुर तथा फुलवारी टोलका अधुरो सडक दलान तथा नाला निर्माण | २५००००० |
| १.५ | विरगंज १६ दुर्गाहल टोलमा अधुरो सडक ढलान तथा नाला निर्माण | २५००००० |
| १.६ | विरगंज म.न.पा. वडा नं. २६ सुगौली आन्तरिक रोड निर्माण | २५००००० |
| १.७ | विरगंज १६ नगवा गाउँको दिलत वस्तीका अधुरो सडक ढलान तथानाला निर्माण | २५००००० |
| १.८ | विरगंज ४ का अधुरो सडक ढलान तथा नाला निर्माण | २५००००० |
| १.९ | बी.म.न.पा. वडा नं. २१ पटेल नगर स्थित ओम काश बैठाको जगगा अगाडी पर्ने नहरमा पक्की कल्भर्ट निर्माण | २५००००० |
| १.१० | विरगंज १५ एन आइ कलेज देखी पूर्व उदय कामत घर हुँदै छेउछाउको अधुरो सडक ढलान तथा नाला निर्माण | २५००००० |
| १.११ | विरगंज १६ गणेश टोलका अधुरो सडक ढलान तथा नाला निर्माण | २५००००० |
| २ | **जनकपुर उपमहानगरपालिका** | |
| २.१ | जनकपुर उप महानगरपालिका ४ मा पर्ने राम कृपाल मुखियाको घर देखी सदानन्द झा तथा लालबाबु साहको घर देखिमुल बाटो सम्म पिसिसि ढलान | २५००००० |
| २.२ | जनकपुरधाम उप महानगरपालिका ८ कपाल मोचनी पोखरीको उत्तर तर्फको घाट र सडक बिचको भागमा ढलान र पश्चिम तर्फको कुनामा ढलान | २५००००० |
| ३ | **जितपुर सिमरा उपमहानगरिपालिका** | |
| ३.१ | अधुरो सामुदायिक भवन निर्माण कार्य | २५०००००० |
| ४ | **कलैया उपमहानगरपालिका** | |
| ४.१ | खपरताता चौक देखी रंजित चौरसियाको घर हुँदै जाने बाटो ढलान र नाला निर्माण वडा नं ८ | २५००००० |
| ४.२ | कृषि विधुतियकरण कलैया उ.म.न.पा भरी | २५००००० |

माथि उल्लेखित तालिका बमोजिम अर्थ मन्त्रालय आफैले बनाएको कार्यविधिको उल्लङ्घन गरी विरगंज महानगरपालिकालाई रु.२५/२५ लाखका ११ वटा योजनाहरु, जनकपुर उपमहानगरपालिकालाई २५/२५ लाखका २ वट योजनाहरु, कलैया उपमहानगरपालिकालाई

२५/२५ लाखका २ वटा र जितपुर सिमरा उपमहानगरपालिकालाई २५ लाखका एउटा योजना सशर्त अनुदान प्रदान गरेको देखिन्छ ।

*यस सम्बन्धमा अर्थ मन्त्रालयको च. नं. २९१ मिति २०८०।१०।०३ को पत्रमार्फत प्राप्त जवाफ मा " सर्शत अनुदान सम्बन्धी कार्यविधिको दफा ४ को उपदफा (२) बमोजिमको सिमा भन्दा कम रकमको योजना तथा कार्यक्रम कतिपय स्थानीय तहहरुबाट माग भई आएकोले उक्त कार्यविधिको दफा १५ बमोजिमको निर्णयाधार लिई सर्शत अनुदान वितरण गरिएको हो ।" (दफा १५ मा वाधा अड्काउ फुकाउने व्यवस्था रहेको छ)*

**२.१.८ स्थानीय तहमा पठाईएका सर्शत अनुदान सम्बन्धी निर्णय र मन्त्रालयगत सुचना प्रणालीको प्रविष्टिबीचको तुलनात्मक अध्ययन**

प्रदेश सशर्त अनुदान कार्यविधि २०७८ को दफा ५(८) मा भएको व्यवस्था अनुसार माननीय अर्थ मन्त्रीको संयोजकत्वमा रहेको योजना छनौट समितिको बैठकले २०८०/२/०३ गतेको निर्णय र मन्त्रालयगत बजेट सुचना प्रणालीबीचमा देहायका पालिकाहरुमा बढी र कम रकम गएको देखिन्छः

| क्र.सं. | जिल्ला | स्थानीय तह | मन्त्रालयगत सुचना प्रणालीमा प्रविष्टि भएका रकम रू | कार्यविधि बमोजिमको निर्णणमा भएका रकम रू | निर्णय भन्दा बढी/घटी भएको रकम रू |
|---|---|---|---|---|---|
| १. | सिरहा | कल्याणपुर न.पा | ५०००००० | ७५००००० | (२५०००००) घटी |
| २. | महोतरी | बर्दिबास न.पा | १००००००० | १२५००००० | (२५०००००) घटी |
| ३. | सर्लाही | चक्रघट्टा गा पा | ६८०००००० | ६५५००००० | २५००००० बढी |

माथि उल्लेखित तालिकाबाट चक्रघट्टा गाउँपालिकामा रू २५ लाख योजना छनौट समितको निर्णय भन्दा बढी अनुदान गएको देखिन्छ भने कल्याणपुर नगरपालिकामा रू. २५ लाख र बर्दिबास नगरपालिकामा रू २५ लाख योजना छनौट समितको निर्णय भन्दा कम अनुदान गएको देखिन्छ ।

स्थानीय तहले माग नै नगरेको योजना तथा कार्यक्रमहरुमा अर्थ मन्त्रालयले वजेट विनियोजन गरी पठाएको स्थानीय तहबाट प्राप्त पत्रहरुबाट देखिन आएको छ।यसरी माग गरेको योजनाहरुमा बजेट नपठाउने तर अन्य योजनाहरुमा बजेट पठाउदा कार्यान्वयन हुन नसक्ने तथा वितीय सुशासन कमजोर हुने देखिन्छ।

*यस सम्बन्धमा अर्थ मन्त्रालयको च. नं. २९१ मिति २०८०।१०।०३ को पत्रमार्फत प्राप्त जवाफ मा " योजना छनौट समितिबाट छनौट भएका योजनाहरुको PLMBIS मा प्रविष्टि गर्ने क्रममा प्राविधिक कारणले अन्तर हुन गएको ।"*

## २.२ विशेष अनुदान सम्बन्धमा

### २.२.१ विशेष अनुदान वितरण तथा कानूनी व्यवस्था

विशेष अनुदान कार्यविधि-२०७८ को दफा ४ को उपदफा (२) मा कुल लागत रु.२५ लाख भन्दा कमका योजना तथा कार्यक्रमहरुको लागि विशेष अनुदान प्रदान गरिनेछैन भन्ने प्रावधान रहेको छ। तर अर्थ मन्त्रालयले विभिन्न स्थानीय तहहरुलाई तोकिएको बजेट सीमा भन्दा कम रकम विनियोजन गरी योजनाको स्विकृति गरेको स्थानीय तहहरू देहाय बमोजिम रहेको देखियो:

| सि नं | जिल्ला | स्थानीय तहको नाम | विशेष अनुदानमा आधारित योजना तथा कार्यक्रमको नाम | रकम रू |
|---|---|---|---|---|
| १ | पर्सा | विरगंज महानगरपालिका | वडा १९ नेराप्रावि विन्दवासिनी केहुनिया भौतिक निर्माण | १०००००० |
| | | | वडा २७ तलावे प्रा वि रामपुरको अधुरो भवन निर्माण | १०००००० |
| | | | वडा नं २५ दक्षिणवारी टोलको श्री ने रा प्र वि मा वा उण्ड्रीवाल निर्माण | २०००००० |
| | | | वडा १७ अलौ कोनियाको ने रा प्रा वि भवनको मर्मत सुधार | १७००००० |
| | | | वडानं १४ आशा किरण केन्द्रमा भौतिक पूर्वाधार निर्माण कार्य | १३००००० |
| २ | सिरहा | कर्जनहा नगरपालिका | हनफीए गौसिया मदर्सा निर्माण | ५००००० |
| | | | सर्पदंश उपचारकेन्द्रको लागि बाउन्ड्रि गेट निर्माण | १०००००० |
| | | | वडा नं ३ जनता आधारभूत विद्यालय खैराहा | १०००००० |

| | | | | |
|---|---|---|---|---|
| | | | टोल भवन मर्मत | |
| | | | वडा नं ४ खानेपानी वोर्डिङ्ग मर्मत | ५००००० |
| ३ | सप्तरी | राजिवराज नगरपालिका | न पा भित्र स्ट्रिट लाइट | ५००००० |
| | | | विशेष अनुदान | ५००००० |
| ४ | बारा | सुवर्ण गाउँपालिका | श्री ब्रहमबाबा प्रा वि मझरिया २ कोठे भवन निर्माण | १८००००० |

माथि उल्लेखित तालिका बमोजिम विरगंज महानगरपालिकालाई रु. १०/१० लाखको २ वटा योजना, रू २० लाख, १७ लाख र १३ लाखको एउटा/एउटा योजना, कर्जनहा नगरपालिकालाई १०/१० लाखका दुई वटा र ५ लाखको एउटा योजना, राजविराज नगरपालिकालाई ५/५ लाखको २ वटा र सुवर्ण गाउँपालिकालाई १८ लाखको एउटा योजना पठाई अर्थ मन्त्रालयले आफैले बनाएको विशेष अनुदान सम्बन्धी कार्यविधि विपरित २५ लाखका बजेट सीमा भन्दा कमका योजना तथा कार्यक्रममा बिशेष अनुदानको रुपमा पठाईएको देखियो।

*यस सम्बन्धमा अर्थ मन्त्रालयको च. नं. २९१ मिति २०८०।१०।०३ को पत्रमार्फत प्राप्त जवाफ मा " विशेष अनुदान सम्बन्धी कार्यविधिको दफा ४ को उपदफा (२) बमोजिम सिमा भन्दा कम रकमको योजना तथा कार्यक्रम सम्पन्न हुने गरी कतिपय स्थानीय तहहरूबाट माग भई आएकोले उक्त कार्यविधि दफा १६ बमोजिमको निर्णयाधार लिई विशेष अनुदान वितरण गरिएको हो ।" (दाफा १६ मा बाधा अड्काउ फुकाउने व्यवस्था रहेको छ)*

## २.३ लेटर हेडको अनाधिकृत प्रयोगको सम्बन्धमा (उद्योग, पर्यटन तथा वन मन्त्रालय)

तत्कालीन उद्योग, पर्यटन तथा वन मन्त्रीको निजी सचिवालयको लेटर हेडमा स्वकीय सचिवले पत्र लेखी मिति २०७९।१२।१५ गते हस्ताक्षर गरेको र मन्त्रालयको सचिवलाई रकमान्तरको लागि पत्र लेखेको देखियो।यसरी स्वकीय सचिवले अनाधिकृतरुपमा निजी सचिवालयको लेटर हेडको प्रयोग गरी पत्र लेखेको देखिन्छ।

साथै सोही पत्रलाई आधार मानी मन्त्रलायले टिप्पनी उठाई ४२ करोड ६० लाख १० हजार रकमान्तर सम्बन्धी निर्णय स्वकीय सचिवले लेखेको पत्रको आधारमा मन्त्रलयले रकमान्तर गर्नु विधिसम्मत देखिएन । यसरी भएको उक्त रकमान्तरमा प्रदेश सरकारको कार्य विभाजन नियमावली विपरित हुने गरी मठ, मन्दिर, सामुदायिक भवन, प्रवेशद्धार, कम्पाउन्ड बाल निर्माण

जस्ता निर्माण कार्यको योजनाहरु भू तथा जलाधार व्यवस्थापन कार्यालय सिराहा, लाहान र रौतहटलाई पठाएको देखिन्छ।

*यस सम्बन्धमा माननीय उद्योग वाणिज्य तथा पयर्टन मन्त्री सुनिता यादवबाट मिति २०८०।१०।०४ (च.नं.३६९) को पत्रमार्फत प्राप्त जवाफः*

*"१. तत्कालिन उद्योग, पर्यटन तथा वन मन्त्रीको सचिवालयको लेटरप्याड प्रयोग गरी स्वकीय सचिवद्वारा प्रेषित मिति २०७९/१२/१८ को पत्र म मन्त्रीको मधेश प्रदेश भित्रका मन्त्रालय अन्तर्गतको विभागहरुमा भ्रमणको क्रममा कार्यक्रम योजनाहरुको प्राप्त विवरण जानकारीको लागि मन्त्रालयलाई पत्राचार गरिएको हो ।*

*(क) सरोकारवालाहरुले भ्रमणको क्रममा म मन्त्री समक्ष लिखित मौखिक रुपमा योजनाहरुको सिफारिस भई आए बमोजिम योजना तथा कार्यक्रम माग र आवश्यक्ताको आधारमा मन्त्रालयलाई जानकारी गराएको हुँ ।*

*२. मन्त्रालय अन्तर्गतको निकायमा स्वीकृत योजना तथा कार्यक्रम मध्ये केहि संचालन हुन नसक्ने तथा केहिमा इविडिङ्गवाट वचत भई मन्त्रालयबाट लिखित रुपमा जानकारी प्राप्त भएको रकम रु. ४२ करोड ६० लाख १० हजार खर्च हुन नसक्ने अवस्था सृजना भएको र सोही समयमा योजना र कार्यक्रम सरोकारवालाबोट माग भएकोले बचत हुने रकम बाट खर्च लेखिने गरी उक्त योजना तथा कार्यक्रम संचालनको निमित्त नियमानुसारको प्रक्रिया अवलम्बन गरी योजना संचालन गरिएको हो ।*

*३. तत्कालिन अवस्थामा कायम रहेको उद्योग, पर्यटन तथा वन मन्त्रालयबाट योजना उठान भएको थियो। पर्यटनसंग सम्बन्धित कार्य गर्न गराउन यस प्रदेश भित्र ३ वटा मात्र जिल्ला स्तरीय कार्यालय छ। सिरहा, लहान र रौतहट जिल्लामा योजनाको अत्याधिक चाप रहेकोले सोही मन्त्रालय अन्तर्गत रहेको भू तथा जलाधार व्यवस्थापन कार्यालयवाट निर्माण सम्बन्धि कार्य गर्ने गराउने कार्य भएको र उक्त कार्यालयमा प्राविधिक कर्मचारीको संख्या पर्याप्त रहेकोले समयमा नै गुणस्तरीय कार्य गरी योजना सम्पन्न गर्ने गराउने उद्देश्यले पर्यटन संग सम्बन्धित कार्य भए पनि भू तथा जलाधार व्यवस्थापन कार्यालियलाई जिम्मेवारी दिइएको हो।*

*४. योजना कार्यान्वियनको बेला तत्कालिन उद्योग, पर्यटन तथा वन मन्त्रालय विभाजन भई उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय कायम भएको हो । तत्कालिन भू तथा जलाधार कार्यालय वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहेकोले उक्त योजनाको कार्यान्वियन सम्बन्धित मन्त्रालयको रहेको व्यहोरा जानकारी गराइन्छ ।"*

## २.४ रकमान्तर सम्बन्धमा

मन्त्रालयहरुमा शुरुको बजेट विनियोजनमा रकम थपघट गरेको देखिन्छ। मन्त्रालयहरूमा शुरू बजेट विनयोजन कम गरी पछि अर्थ विविध शिर्षकबाट निकासा एवं रकमान्तर गरी रकम थप गर्ने परिपाटि बजेट सिद्धान्त विपरित रहेको भनी महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७८ को पाना नं.८ बुदा नं. ३.३ मा समेत उल्लेख गरिएको छ।

विभिन्न मन्त्रालयहरुबाट रकमान्तरको लागि अर्थ मन्त्रालयमा लेखिआएको पत्रहरु उपर अर्थ मन्त्रालयले २०८० असार २२ गतेसम्म रकमान्तर गरेको देखियो। महालेखापरीक्षकको प्रतिवेदन, २०७९ मा बर्षान्तमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्छ भनी सुझाव दिएको देखिन्छ। यसरी महालेखापरीक्षणको हालसम्मको हरेक वर्षको प्रतिवेदनमा बारम्बार सचेत गराउँदा समेत अर्थ मन्त्रालयले उक्त सुझाव कार्यान्वयन गर्नमा उदासिन्ता देखिन्छ।

## २.५ प्रशासकीय कार्यविधि उल्लङ्घन सम्बन्धमा

अर्थ मन्त्रालयमा प्राप्त भएको पत्रको दर्ता नै नगरीकन समेत रकमान्तरको निर्णय गरी रकमान्तर गरी पठाईएको पाइयो जस्तैः(भौतिक पूर्वाधार विकास मन्त्रालयको च.न.१६७० र १६७१ मिति २०८०/३/१८ गतेको पत्र र शिक्षा तथा समाज कल्याण मन्त्रालयको च.नं.२९४ मिति २०८०/०३/०५ गतेको पत्र) ।

साथै, दर्ता भएको मिति भन्दा अगाडीको मितिमा नै निर्णय गरी रकमान्तर गरेको देखियो। (भौतिक पूर्वाधार विकास मन्त्रालयबाट प्राप्त फाईल अर्थ मन्त्रालयमा २०८० असार १३ गते दर्ता भएको देखिन्छ तर १२ गतेको मितिमा नै अर्थ मन्त्रालयले रकमान्तर सम्बन्धी निर्णय गरेको पाईयो।) यसले मन्त्रालयले निर्णय प्रक्रियाको सामान्य प्रशासकीय कार्यविधिको समेत परिपालना गरेको देखिएन। वित्तीय उतरदायित्व वहन गरी वितिय सुशासन कायम गर्ने संस्थाको रुपमा रहेको अर्थ मन्त्रालयको यस्ता त्रुटीलाई समितिले गम्भिर रूपमा हेरेको छ ।

परिच्छेद – तीन

# प्राप्ति, सुझाव र निर्देशन

३.१ अर्थ मन्त्रालयले अनुदान वितरणको लागि तर्जुमा गरेको विशेष अनुदान सम्बन्धी कार्यविधि र सशर्त अनुदान सम्बन्धी कार्यविधिको उल्लङ्घन आफैले गरेको देखियो। तसर्थ प्रदेश सरकारले स्थानीय तहलाई प्रदान गर्ने कुनै पनि अनुदान आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको समयमा बजेट पुस्तिकामा नै समावेश गरी प्रदेश सभाबाट स्वीकृत गराउँदा उपयुक्त हुने देखिन्छ।

३.२ सशर्त अनुदान वितरणमा प्रदेश सरकारबाट स्थानीय तहहरूलाई असन्तुलित रकम हस्तान्तरण गर्नुले वितीय संघीयता कमजोर हुनका साथै प्रदेशका स्थानीय तहहरुको सन्तुलित एवम् समन्यायिक विकासमा बाधा पुऱ्याएको देखिन्छ ।त्यसैले प्रदेश सरकारले स्थानीय तहलाई सशर्त अनुदान हस्तान्तरण गर्दा प्रदेश वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन,२०७५ बमोजिम गराउदा उपयुक्त हुने।

३.३ स्थानीय तहहरुलाई प्रदान गरिएको सशर्त र विशेष अनुदान कार्यविधिलाई मिचेर तोकिएको रकमको सीमा भन्दा कम रकम विनियोजन गरेको देखियो।यसबाट आर्थिक सुशासन कमजोर हुने र प्रदेश सरकारको लगानीसमेत उपलब्धिमूलक नहुने देखिन्छ।तसर्थ कार्यविधिले तोकेको बजेट सीमा भित्र रही मात्र अनुदान उपलब्ध गराउँदा उपयुक्त हुने देखिन्छ।

३.४ कतिपय स्थानीय तहहरुले पत्र पठाएर सर्शत अनुदान माग गर्दा समेत अर्थ मन्त्रालयले सर्शत अनुदान उपलब्ध नगराएको र अन्य स्थानीयतह/पालिकाहरुले माग गरेको अनुदान कार्यक्रम/योजना भन्दा भिन्न शीर्षकमा अनुदान गएको देखिन्छ। तसर्थ, सबै स्थानीय तहहरुलाई समान रुपले अनुदान दिन उपयुक्त देखिन्छ।

३.५ अर्थ मन्त्रालयले निर्णय नै नगरिकन सशर्त अनुदानको रकम कतिपय स्थानीय तहहरुमा पठाएको देखियो। साथै कतिपय स्थानीय तहहरुलाई निर्णय गरेका योजनाहरु समेत नपठाएको देखियो।यस्ता कार्यहरु आगामी दिनहरुमा नियन्त्रण गर्नुपर्ने आवश्यक छ ।

३.६ आर्थिक वर्षको विचमा नयाँ योजना तथा कार्यक्रम मन्त्रालयले स्विकृत गरी थप बजेट माग गर्ने परिपाटी बजेटको सिद्धान्त विपरित हुने देखिन्छ। संसदले अनुमति दिएको भन्दा फरक र नयाँ कार्यक्रम बजेट विनियोजन गर्नु कानूनी हिसाबले गलत हो। तसर्थ आर्थिक वर्षको बिचमा अतिआवश्यक योजना तथा कार्यक्रम छनोट तथा बजेट विनियोजन गर्नुपर्दा प्रदेश सभाबाट स्वीकृत गराई कार्यान्वयन गर्दा उपयुक्त हुने देखिन्छ।

३.७ आर्थिक वर्षको अन्तिम महिनामा समेत अर्थ मन्त्रालयले बजेट रकमान्तर गरेको देखियो। यसबाट सम्पादित कार्यको गुणस्तर नहुने र उपलब्धि समेत गुम्ने देखिन्छ। तसर्थ बजेट तर्जुमा कै चरणमा पर्याप्त ध्यान पुर्याई रकमान्तर गर्नुपर्ने अवस्था आउन नदिन र सार्वजनिक स्रोतको उपयोगिता र प्रतिफलका दृष्टिले रकमान्तर गर्ने औचित्यपूर्ण हुने ठहर गरी रकमान्तर गर्नुपर्ने भएमा दोस्रो र तेस्रो त्रैमासिकमा मात्र गर्ने गरी मापदण्ड बनाई कार्यान्वयन गर्दा उपयुक्त देखिन्छ।

३.८ अर्थ विविधमा छुट्याएको रकम आक्स्मिक खर्चको लागि विनियोजन गरिएको हुन्छ। प्राकृतिक प्रकोप तथा आपतकालीन परिस्थितिमा सरकारले तत्कालै खर्च गर्नुपर्दा यस शीर्षकबाट खर्च गर्नुपर्ने हुन्छ। अर्थ विविध रकमान्तर गर्ने प्रयोजनको लागि बनाईएको अनुदान संकेत होईन। तसर्थ अर्थ विविधमा सीमित रकम विनियोजन गरी यसबाट रकमान्तरका आधार र सर्तहरु तोकिनुपर्ने देखिन्छ।

३.९ आर्थिक वर्षको सुरुदेखि नै बजेट खर्च कार्यान्वयन नगर्ने तथा अन्तिम समयमा आएर उक्त विनियोजित बजेट अन्य शीर्षकमा रकमान्तर गरी खर्च गर्ने परिपाटी देखियो। यस्ता परिपाटीलाई अन्त्य गरिनुपर्छ।

३.१० मन्त्रालयहरुले आफ्नो अधिकार भन्दा बाहिर गएर प्रतिष्ठान ,आयोग र बोर्डहरुलाई रकम रकमान्तर गरी पठाएको देखियो। यसले ति स्वायत निकायहरुबाट प्रदेश सरकारको संचित कोषबाट बाहिर गएर रकम खर्च हुने प्रवृति बढेको र सो रकमको सदुपयोग हुने सम्भावना समेत कम देखिन्छ। तसर्थ यस्ता निकायहरुलाई बजेट तथा कार्यक्रममा समावेश हुने गरी मात्र अनुदान उपलब्ध गराउनुपर्ने।

३.११ तत्कालीन उद्योग,पर्यटन तथा वन मन्त्रालयमा निजि सचिवालयको लेटर प्याड दुरुपयोग भएको पाईयो। साथै सोही पत्रको आधारमा मन्त्रालयले निर्णय समेत गरेको देखियो। यसरी

लेटर प्याडको दुरुपयोग गर्नु/गराउनु गलत हो। तसर्थ यस्ता प्रवृति र गलत कार्यलाई जिम्मेवार उत्तरदायी अधिकारीले नियन्त्रण गर्नुपर्छ।

३.१२ अर्थ मन्त्रालयमा दर्ता नै नभईकन रकमान्तर सम्बन्धि निर्णय भएको पाइयो। साथै दर्ता हुनु अघिको मितिमा नै निर्णय समेत भएको देखियो। यो सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका,२०६५ को विपरित हुने देखिंदा यस्ता कार्यहरुलाई अर्थ मन्त्रालयले गम्भिरतापूर्वक हेर्नु पर्ने देखिन्छ ।

३.१३ कानूनमा भएका सारभूत व्यवस्थालाई कार्यान्वयन गर्दा देखिएको प्रकृयागत तथा विधिगत समस्याको सहजीकरणको लागि बाधा अडकाउ फुकाउने व्यवस्था राखिएको हुन्छ । बाधा अडकाउ फुकाउने अधिकार प्रयोग गर्दा सारभूतरूपमा व्यवस्थित रहेको अन्य व्यवस्था पनि विशेष सहयोग र सहायक हुने गरी गरिनु पर्दछ । कानूनमा उल्लेखित सारभूत व्यवस्थालाई असर हुने गरी यसको प्रयोग गरिनु हुदैन । अर्थात व्यस्थित रहेको कानूनी व्यवस्थाको बाहेकको अवस्थामा देखापरेको प्रकृयागत बाधाको बाधा अडकाउ फुकाउने कार्य बाहेकको कार्यमा यसको अभ्यास उपयुक्त मानिदैन । यसरी प्रकृयागत विधिगत पुऱ्याउन विशेष अडचनको पहिचान गरी सो प्रकृयागत व्यवस्थलाई सम्बोधन गर्दै सारभूत व्यवस्थाको कार्यन्वयन गर्नु नै यसको उद्देश्य हो । सम्भवतः बाधा फुकाई निर्णय गर्ने परिपाटिको अभ्यास कमभन्दा कम प्रयोग गरिनु पर्दछ ।

(उपेन्द्र महतो)
सभापति
विशेष संसदीय छानबिन समिति, २०८०

मधेश प्रदेश सभा, जनकपुरधाम ।